# नेपाल पत्रकार महासंघ
# Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल


मिति २०७७०४१८

## शोक विज्ञप्ति

नेपाल पत्रकार महासंघका पूर्वकेन्द्रीय सदस्य तथा हुम्ला शाखाका संस्थापक सभापति अग्रज पत्रकार जयबहादुर रोकायाको निधन भएको दुःखद् खवरले नेपाल पत्रकार महासंघ स्तब्ध र दुःखी भएको छ । ६२ वर्षीय रोकायाको साउन १७ गते साँझ ५:०० बजे हुम्लाको सिमकोट गाउँपालिका-५ कालिञ्चोकस्थित निवासमा निधन भएको हो

वि.सं. २०५० सालदेखि पत्रकारितामा सक्रिय रोकायले लामो सयम कान्तिपुर दैनिकमा कार्य गर्नु भएको थियो । हुम्ला जिल्ला र समग्र कर्णाली क्षेत्रमा व्यावसायिक पत्रकारिताको विकासका लागि उल्लेख्य योगदान पुऱ्याउनु भएका रोकायाको निधनले नेपाली पत्रकारिता क्षेत्रले एक अनुभवी र जुझारु पत्रकार गुमाउनुका साथै हुम्ला शाखाले असल अभिभावक गुमाएको छ । स्वर्गीय रोकायाका दुई श्रीमती, चार छोरा र एक छोरी हुनुहुन्छ ।

नेपाल पत्रकार महासंघ स्वर्गीय रोकायाप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गर्दछ । साथै, शोकको यस घडीमा महासंघ शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस भन्ने कामना गर्दै गहिरो समवेदना व्यक्त गर्दछ ।

रमेश विष्ट
महासचिव


Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-4112763/4112673, Fax: +977-1-4112785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org